नेपाल सरकार

गृह मन्त्रालय

लागु औषध नियन्त्रण शाखा

सिंहदरवार, काठमाडौं

**लेख रचना उपलब्ध गराउनेसम्बन्धी सूचना**

मितिः २०७९/०८/८ गते

यस शाखाबाट वार्षिकरुपमा प्रकाशन गरिने लागु औषधसम्वन्धी मुखपत्रको रुपमा रहेको "सुरक्षित जीवन" पत्रिका (जर्नल) को २०औं अंकका लागि तपसिलको शर्तमा रही लागु औषधको प्रवृत्ति, संवेदनशीलता, युवा दुर्व्यसनीको अवस्था, लागु औषध र अन्य रोगहरूको सम्वन्ध, औषध र अपराध अनुसन्धान, नवीनतम, प्रयासहरू, चुनौतीहरू तीन तहबीचको समन्वय र सहकार्य, माग घटाउ आपूर्ति नियन्त्रण, पुनर्स्थापना केन्द्रहरू मौखिक प्रतिस्थापन विधि, लागु औषधरहित समाज निर्माणमा सरोकारवालाको भूमिका, लागु औषध रोकथाम तथा नियन्त्रणमा प्रदेश सरकार एवं स्थानीय तहको भूमिका आदि मध्ये कुनै विषयमा लेख/रचना तयार गरी मिति २०७९ चैत्र महिनाभित्र यस शाखाको इमेल moha.drugportal@gmail.com मा उपलब्ध गराइदिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**लेखको ढाँचा**

क) शीर्षक

ख) सारांश (१५०-२०० शब्दमा)

ग) मुख्य शब्दावली

घ) विषय प्रवेश

ङ) मुख्य विषयवस्तु

च) निष्कर्ष

छ) सन्दर्भ सामग्रीहरू

ज) लेखकको संक्षिप्त परिचय र पूरा अनुहार देखिने फोटो

**शर्तहरु**

१) लेख रचना लागु औषधसम्वन्धी विषयमा मौलिक, ज्ञानवर्द्धक र अनुसन्धानमूलक हुनुपर्नेछ साथै २,००० देखि ३,००० शब्दमा समेट्नुपर्नेछ।

२) लेख रचना युनिकोड वा अंग्रेजी Times New Roman मा ११ फन्ट साइजमा हुनुपर्नेछ।

३) सन्दर्भ सामग्रीको प्रयोग गर्दा APA Formatting Style मा गर्नुपर्ने।

४) प्राप्त लेख रचनाहरू प्रकाशनको लागि छनोट गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ र अस्वीकृत लेख रचना फिर्ता गरिने छैन।

५) प्रकाशित हुने लेख रचनाको प्रतिलिपि अधिकार यस शाखामा रहनेछ। लेख रचनामा रहेका विचार र अवधारणा लेखकका निजी विचार हुने भएकोले तिनले संस्थागत प्रतिनिधित्व गर्ने छैन।

६) प्रकाशित लेख रचना बापत लेखकलाई उचित पारिश्रमिकको व्यवस्था गरिनेछ।

७) थप जानकारीको लागि ०१-४२११२८३ वा मो.नं. ९८५१३२७२२२ मा सम्पर्क गर्न सक्नुहुनेछ।

०७९/८/८

शाखा अधिकृत